**आप्रवासी र शरणार्थी विद्यार्थी सफलता योजना**
**सामुदायिक संलग्नता**

## सारांश

---

सन् 2024 मा, ओरेगन विधानसभाले सिनेट विधेयक (SB) 1532 पारित गऱ्यो। यसले ओरेगन शिक्षा विभाग (ODE) लाई एउटा राज्यव्यापी शिक्षा योजना विकास र कार्यान्वयन गर्न निर्देशन दिन्छ। यो योजना शरणार्थी, शरण माग्नेहरू वा अन्य आप्रवासी विद्यार्थीहरूको सिकाइ र अनुभवहरू सुधार गर्न लक्षित छ।

ODE ले ओरेगनको किचन टेबल (OKT) सँग साझेदारी गर्यो। यसको उद्देश्य राज्यभरका आप्रवासी र शरणार्थी समुदायहरूबाट उनीहरूको योजना सम्बन्धी चाहनाहरू बुझ्न थियो। यसमा 450 भन्दा बढी व्यक्तिहरूले भाग लिए। सहभागीहरूले छवटा भाषाहरूमा आफ्ना अनुभवहरू साझा गरे।

यस सारांशले प्रक्रियासँगै प्रमुख निष्कर्षहरूबारे जानकारी दिन्छ।

## पहुँच र संलग्नता

SB 1532 कार्यान्वयन गर्नका लागि, ODE ले धेरै समूहहरूसँग सुन्ने प्रयास गऱ्यो। यी समूहहरूमा आप्रवासी र शरणार्थी युवाहरू र तिनका परिवारहरू समावेश छन्। साथै, ती युवाहरू र परिवारहरूलाई सेवा प्रदान गर्ने संस्थाहरू पनि समावेश छन्। OKT ले मानिसहरूसम्म पुग्न र उनीहरूका विचार, अनुभव र दृष्टिकोण सुन्न निम्न विधिहरू प्रयोग गर्यो:

- १३ जनासँग अन्तरवार्ता।
- साझेदारहरूद्वारा नेतृत्व गरिएका नौवटा कार्यक्रम र कुराकानीहरू, जसले समुदायका परिवारहरूसँग प्रत्यक्ष जानकारी संकलन गरे।
- आप्रवासी र शरणार्थी परिवारहरूलाई सेवा दिने सामुदायिक संस्थाहरू र समूहहरूसँग तीनवटा जुम कुराकानीहरूको श्रृङ्खला।

## निष्कर्षहरू

**मुख्य अवलोकनहरू:**

- विद्यालयहरू शिक्षा केन्द्र हुन्। यी ठाउँहरू समुदायहरू एकसाथ आउने स्थान हुन्। विद्यालयहरूले स्रोतहरू पनि प्रदान गर्छन्। त्यसैले विद्यालयहरूले परिवारहरूलाई समग्र रूपमा समर्थन गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। विद्यालयहरूले तिनीहरूलाई सहयोगसँग जोड्छन् र धेरै तरिकामा उन्नति गर्न मद्दत गर्छन्।

● हाम्रो राज्यका आप्रवासी र शरणार्थी समुदायहरू विभिन्न अनुभव, विचार र विश्वास बोकेका मानिसहरू र परिवारहरूबाट बनेका छन्।

● विद्यार्थीहरू र परिवारहरूले आफ्नो जस्तो देखिने र आफ्नो भाषा बोल्ने मानिसहरूलाई विद्यालयमा देख्न चाहन्छन्। धेरै व्यक्तिहरूले सुझाव दिए कि विद्यालयहरूले यसलाई अवसरका रूपमा लिन सक्छन्— अभिभावकहरूलाई स्वयंसेवकका रूपमा ल्याएर, र आप्रवासी र शरणार्थी परिवारका मानिसहरूलाई विद्यालय कर्मचारीका रूपमा नियुक्त गरेर।

● यी प्रयासहरू 2024 को राष्ट्रिय चुनावको समयमा भएका थिए, जब आप्रवासन एउटा केन्द्रीय मुद्दा थियो। धेरै मानिसहरूलाई चिन्ता छ कि आप्रवासी र शरणार्थी परिवारहरू र विद्यार्थीहरूले आफूलाई चाहिने समर्थन नपाउनेछन्। केही मानिसहरूले यसमा सेवा दिने समूहहरूलाई पनि परिवारहरूको सहयोग गर्न कठिनाइ हुने चिन्ता व्यक्त गरे। त्यस्तै, मानिसहरूले राज्यले ओरेगनका विद्यालयहरूमा आप्रवासी र शरणार्थी विद्यार्थीहरूको मद्दत गर्न उपायहरू सिर्जना र कार्यान्वयन गर्ने आशा पनि व्यक्त गरे।

**विद्यार्थी सफलताबारे मानिसहरू र समुदायहरूको सोच:**

● “विद्यार्थी सफलता” के हो भन्नेमा विभिन्न विचारहरू पाइन्छ। यसमा निम्न परिणामहरू समावेश छन्:

o **शैक्षिक**: राम्रो अंक प्राप्त गर्नु।
o **सामुदायिक**: अर्को पुस्ताका लागि राम्रो अवसरहरू सिर्जना गर्नु।
o **सामाजिक**: सहपाठीहरूसँग बलियो सम्बन्ध र मित्रता विकास गर्नु।
o **भावनात्मक**: विद्यार्थीहरूले सुरक्षित र आत्मविश्वास महसुस गर्नु।

● धेरै मानिसहरू चाहन्छन् कि विद्यार्थीहरूले अमेरिकी संस्कृतिको हिस्सा बनेर सफलता प्राप्त गरून्। तर, उनीहरूको आफ्नै सांस्कृतिक पहिचान जोगाउने विषयमा पनि चिन्ता व्यक्त गरिएको छ।

● धेरैको विश्वास छ कि शिक्षकहरूले विद्यार्थीहरूको परम्परा, विशेषता, अनुभव र दृष्टिकोणलाई समावेश गर्ने तरिकाले पढाउनु अत्यावश्यक छ।

● सामाजिक सम्बन्धका अवसरहरू विद्यार्थी सफलताका लागि धेरै महत्त्वपूर्ण छन्। यसमा एक व्यापक दृष्टिकोण भनेको विद्यार्थीहरू र तिनका परिवारहरूलाई विद्यालय गतिविधिहरूमा यसरी सहभागी गराउनु हो:
o उनीहरूको घरको संस्कृतिलाई स्वीकार गर्नु।
o सहभागी हुनका लागि अवसरहरू सिर्जना गर्नु।
o परिवारहरूको अवरोध र आवश्यकताहरूलाई ध्यानमा राख्नु। उदाहरणका लागि, विद्यालय गतिविधिहरू यस्तो समय र दिनमा आयोजना गर्नु जब कामकाजी परिवारहरू सहभागी हुन सक्छन्।

**स्वागतयोग्य विद्यालय वातावरणबारे विचार:**

● अभिभावक र परिवारहरूलाई आफ्ना विद्यार्थीहरूको शिक्षामा सहभागी गराउने उपायहरू सिर्जना गर्नु महत्त्वपूर्ण छ। मानिसहरूले निम्न कुरा चाहेका छन्:

o उपयुक्त अनुवाद र व्याख्या सेवाहरू सुनिश्चित गर्ने रणनीतिहरू।
o परिवारहरूलाई विद्यालय प्रणाली कसरी काम गर्छ भन्ने बुझ्नका लागि सहयोग।
o परिवार र विद्यार्थीहरूलाई विद्यालय कार्यक्रम र गतिविधिहरूको योजना बनाउन र सहभागी हुनका लागि अवसरहरू।

● विद्यालयका कर्मचारीहरूले विद्यार्थीहरूको अनुभव बुझ्दा मानिसहरूलाई खुशी लाग्छ। उनीहरूले कर्मचारीहरूमा अझ बढी चेतना चाहन्छन्। साथै, अन्य संस्कृतिहरूमा शिक्षा प्रणाली कसरी फरक छ भन्नेबारे थप समझ हुनुपर्छ भन्ने चाहना व्यक्त गरे। यसमा अभिभावकहरूले आफ्ना बच्चाहरूको शिक्षामा खेल्ने भूमिका र विद्यालयले अभिभावकहरूबाट के अपेक्षा राख्छ भन्ने विषय समावेश छ।

● **खाना** धेरै तरिकामा महत्त्वपूर्ण छ। यसमा आप्रवासी र शरणार्थी समुदायका विद्यार्थीहरूको खानाका आवश्यकताहरू पूरा गर्ने उपायहरू खोज्नु समावेश छ। खाना विद्यालयहरूले परिवार र विद्यार्थीहरूलाई गतिविधि र कार्यक्रमहरूमा सहभागी गराउन एक माध्यम बन्न सक्छ। साथै, खानाले विद्यालय समुदायभित्र परिवार र विद्यार्थीहरूलाई जोड्न र सम्बन्ध निर्माण गर्न मद्दत गर्न सक्छ।

● विद्यालय कर्मचारीहरूले आप्रवासी र शरणार्थी समुदायका परिवारहरूको जस्तै जीवन अनुभव भएका हुनुपर्छ। यो निम्न कुराहरूका लागि प्रमुख हुन्छ:
o स्वागतयोग्य विद्यालय वातावरण सिर्जना गर्नु।
o परिवारहरूले विद्यालय प्रणाली बुझ्न र त्यसमा मार्गचित्र बनाउन सहयोग गर्नु।

● धेरै मानिसहरूले विद्यार्थीहरू विद्यालय भित्रिने वा बाहिरिने बेलामा सहयोग वृद्धि गर्नुपर्ने चाहना व्यक्त गरे। साथै, विद्यार्थीहरू नयाँ कक्षामा जाने बेला पनि थप सहयोगको आवश्यकता छ। मानिसहरूले निम्न स्थानहरूमा सहयोगको कुरा गरे:
o **किन्डरगार्टन** सुरु गर्दा।
o **हाईस्कूल** भर्ना हुँदा।
o हाईस्कूलपछि अन्य अध्ययन वा तालिममा जाँदा।
o नयाँ विद्यालयमा स्थानान्तरण हुँदा।

● धेरैजना चाहन्छन् कि विद्यालय प्रणालीमा पहिलो पटक प्रवेश गर्ने अमेरिकी नवनागरिक विद्यार्थीहरूलाई विद्यालयहरूले समर्थन गर्न तयार हुनुपर्छ। यो विशेषगरी कठिन वातावरणबाट आएका विद्यार्थीहरूको लागि आवश्यक छ।

**भविष्यका प्रयासहरू**

यस प्रक्रियामा सहभागी भएका मानिसहरू यस विषयमा थप कुराकानी गर्न उत्सुक छन्। हामी ODE लाई सुझाव दिन्छौं कि यस प्रक्रियामा सहभागी भएका मानिसहरूसँग अपडेट र परिणामहरू साझा गरियोस्।

भविष्यमा, ODE ले ओरेगन राज्यमा बसोबास गर्ने थप मानिसहरू र फराकिलो दायरा भएका आप्रवासी र शरणार्थी समुदायहरूसँग संलग्न हुने उपायहरू खोज्न सक्छ। ODE ले राज्यका विशेष क्षेत्रहरूमा केन्द्रित गर्दै भविष्यका प्रयासहरू अघि बढाउन सक्छ। यसमा पूर्वी ओरेगनका समुदायहरू र कम जनसंख्या भएका क्षेत्रहरू समावेश हुन सक्छन्।

धेरै सुझावहरू ODE आफैंले कार्यान्वयन गर्न नसक्ने प्रकारका छन्। त्यसैले, हामी ODE लाई ती विचारहरू विद्यालय जिल्लाहरूसँग साझा गर्न आग्रह गर्दछौं। यी सुझावहरूले विद्यालय र जिल्लाहरूलाई आप्रवासी र शरणार्थी परिवारहरूसँग साझेदारी र संलग्नता बढाउने अवसर पनि प्रदान गर्छ।